

## नोट

यहाँ लिखित प्रक्रियाहरू ‘होम क्वारेन्टिन’, कोभिड -१९ का हल्का लक्षण भएका र साथ साथै कोभिड टेष्ट गर्न र टेष्टको नतिजाको प्रतिक्षामा बसेकाहरूलाई ध्यान दिनुपर्ने कुराहरू हुन्।

कोभिड-१९ लागेको शंका या पुष्टि भएका बिरामीहरूलाई **सास फेर्न कठिनाई, गार्हो भएमा र मानसिक स्थितिमा नकरात्मक परिवर्तन भएमा** तुरुन्तै मेडिकल सहयोग लिन जरूरी छ।

कोभिड -१९ का लागि होम
क्वारिन्टिनमा बसेकाहरूले
हेरचाह गर्ने प्रक्रिया

**Collaborating Centre for Oxford University and CUHK for Disaster and Medical Humanitarian Response (CCOUC)**
www.ccouc.org

**GX Foundation**
www.gxfoundation.hk

## स्रोतहरु

1. WHO, Coronavirus disease (COVID-19): Home care for families and caregivers, https://www.who.int/news-room/questions-and-answers/item/coronavirus-disease-covid-19-home-care-for-families-and-caregivers
2. WHO, Home care for patients with suspected or confirmed COVID-19 and management of their contacts, https://www.who.int/publications/i/item/home-care-for-patients-with-suspected-novel-coronavirus-(ncov)-infection-presenting-with-mild-symptoms-and-management-of-contacts
3. China CDC, (Updated version) Guidelines from China CDC: How to conduct home quarantine for suspected COVID-19 cases? (Section on home quarantine), https://www.chinacdc.cn/jkzt/crb/-zl/szkb_11803/jszl_2275/202002/t20200210_212421.html

## अस्वीकरण

यो पर्चाको स्रोतहरूमा उच्च-घनत्व, शहरी, एसियाली सन्दर्भहरूका लागि अनुकूल हुने एकीकृत सिफारिसहरू छन्। मार्गदर्शनहरूको विवरण स्थानीय सन्दर्भहरूमा फरक पर्न सक्छन। थप विवरणहरूका लागि व्यक्तिहरूले मूल स्रोतहरु हेर्न सक्नेछन। (अपडेट: फेब्रुअरी २०२२)

फेब्रुअरी २०२२ संस्करण

# कोभिड -१९ का लागि होम क्वारिन्टिनमा बसेकाहरूले हेरचाह गर्ने प्रक्रिया

## उच्च-घनत्व, शहरी, एसियाली सन्दर्भका लागि




Nepali


# कोभिड -१९ का लागि होम क्वारिन्टिनमा बसेकाहरूले हेरचाह गर्ने प्रक्रिया

उच्च-घनत्व, शहरी, एसियाली सन्दर्भका लागि


## घर भित्रै बस्ने व्यवस्था



**सम्भव भएसम्म शुद्ध हावा आवतजावत हुने राम्रो** कोठामा बस्ने र झ्याल खुल्ला राख्ने। आगन्तुक कसैलाई भेटन अनुमति नदिने। सकेसम्म सधै **मास्क** लगाउने।





परिवारका अन्य सदस्यहरु **अलग कोठामा** रहने। यदि अलग्गै कोठा उपलब्ध नभएमा एकै ओछ्यान प्रयोग नगर्ने तथा सकेसम्म  कम्तिमा  **१ मिटरको** दुरी कायम गर्ने।



क्वारेन्टिन बस्ने मान्छेद्वारा **प्रयोग गरिने ठाउँको प्रयोग सीमित गरर्ने** (उदाहरण, भान्सा, बाथरुम आदि) र यी ठाउँहरूमा **शुद्ध हावा आवतजावत हुन्छ** भन्ने सुनिश्चित गरर्ने। बिरामीले चलाउने बस्तुहरू (जस्तै भाडा, बोतल, चम्चा) छुट्टै राख्ने र सकेसम्म नछुने।

## हेरचाह व्यवस्थाहरू




**खोप लगाएको र कुनै पनि दीर्घ रोग ( जल्तै चिनीरोग, उच्च रक्तचाप) नभएका परिवारको सदस्यलाई हेरचाह गर्न रोज्ने।** हेरचाह गर्ने परिवारको सदस्यले नाक र मुख पुरै ढाक्ने गरि **मास्क** लगाउने। मास्क प्रयोग भएको बेला र त्यसको प्रयोग पछि समेत त्यसलाई छुनबाट जोगिने।  यदी मास्क भिजेमा **तुरुन्तै बदल्ने र भिजेको मास्क राम्रो संग डस्टबिनमा फाल्ने।**



**बिरामीको शरिरबाट निस्केका  जुनसुकै तरल पदार्थ सकेसम्म नछुने** (हेरचाह गर्दा मास्क र फाल्ने मिल्ने खाले  हातमा पञ्जा लगाउने)। पञ्जा र मास्क लगाउनु अघि र फुकालेपछि हात धुने र ढक्कन भएको डस्टबिनमा फोहोर व्यवस्थापन गर्ने।





**कम्तिमा पनि २० सेकेण्ड सम्म साबुन पानिले** हात धुने र **पेपर टावेलले हात सुख्खा पार्ने**  ; बिशेष गरी परिवारका सदस्यहरू खाना खानु , टोइलेट जानु अघि पछी र क्वारिन्टिनमा बसेको बिरामीकोआसपास आएमा।




क्वारेन्टिन बस्ने मान्छेसँग **सँगै खाने कामका** साथै टेबुलका सामाग्रीहरु, दाँत माइने मञ्जन, ब्रुस, टावेल वा तन्ना **प्रयोग** नगर्ने।

## सफा गर्ने निर्देशनहरू





दैनिक घरमा , बाथरुम, शौचालय र बारम्बार छुने सतहहरू **1:49 अनुपातको पानी र ब्लिचको मिश्रण** प्रयोग गरेर सफा गर्नुहोस्। क्वारेनटिन बस्ने मान्छेले बाथरुम र शौचालय प्रयोग गरेपछि सफा गर्नुहोस्। शौचालय फ्लस गर्नुअघि डाइलुट ब्लिच सोलुसन **(पानी र ब्लिचको मिश्रण)** खन्याउनुहोस्।





क्वारेन्टिन बस्ने मान्छेको टेबुल सामाग्री, कपडा, टावेल र ओछ्यानको तन्ना धुन **नियमित लुगा धुने साबुन वा डीटरजेन्ट** प्रयोग गर्ने। यदि मिल्छ भने ६० डिग्री सेल्सियस वा सो भन्दा माथि मेशिन वास गर्ने र राम्ररी सुकाउने।।

## घरका सदस्यहरूको निगरानी



क्वारेन्टिन बस्ने मान्छेको घरका सबै सदस्यहरू **जोखिममा रहेका व्यक्तिहरू** मानिने भएकाले, उनीहरूले आफ्नो शरीरको तापक्रम र स्वास्थ्य स्थितिलाई दैनिक निगरानी गर्ने।



यदि निम्न लक्षणहरू देखिएका छन् भने परिवारको एक सदस्यले स्वास्थ्यकर्मीलाई रिपोर्ट गर्ने, उपयुक्त **मेडिकल सहायता** लिने र **कोभिड-१९ परीक्षण गर्नेः**

- ज्वरो
- पखाला
- स्वाद र गन्धमा कमी
- घाँटी दुखाई
- खोकी

सम्भव हुन्छ भने उनीहरूले **सर्जिकल मास्क लगाइराख्ने** र **सार्वजनिक यातायात प्रयोग सकेसम्म नगर्ने।**

चित्रहरु: Freepik.com

GX FOUNDATION 共享基金會

CCOUC